# दक्षिणी ललितपुरको छपेली माझखण्ड सञ्चालन हुने केवलकारको शिलान्याश « Lalitpur Khabar

**lalitkhabar.com**/2025/02/03/130374

***पाटन (ललितपुर)***
दक्षिण ललितपुरको वागमती गाँउपालिका ३ छपेलीबाट माझखण्डसम्म केबुलकार निर्माण हुने भएको छ ।
आज एक कार्यक्रममा बीच दक्षिण ललितपुरको छपेलीमा केबुलकारको शिलान्याश गरिएको छ । संघीय सासंद उदयशम्सेर राणाले केबुलकारको शिलान्याश गरेका छन् ।
कम्पनीका अनुसार एक अर्ब २० करोड लगानीमा केवलकारका साथै होटल, फनपार्कलगायत सञ्चालन गर्ने कम्पनीको योजना छ । आगामी एक बर्ष छ महिनामा निर्माण सम्पन्न गर्ने योजना सहित काम सुरु गरिने कार्यक्रममा बताइएको छ ।
बागमती गाउँपालिकाको ३ छपेलीबाट माझखण्ड जोड्ने केवलकारको दुरी दुई दशमलव आठ किलोमिटर रहने छ ।
उद्घटन कार्यक्रममा संघीय सासंद उदयशम्शेर राणा, बागमती प्रदेश सासंद मधुसूदन पौडेल, नेकपा (माओवादी) केन्द्रका केन्द्रीय सदस्य एवम् ललितपुर इन्चार्ज हरि दाहालले केबुलकार निर्माण र सञ्चालनको लागि शुभकामना दिए ।
डेस्टिनेशन माझखण्ड प्रालिका अध्यक्ष गोपाल सञ्जेलले पर्यटन क्षेत्रको विकास र विस्तारका लागि गाउँपालिकासँग समन्वय गरेर काम गर्ने बताएका थिए ।
केबुलकार निर्माणपछि यसक्षेत्रको जनजीविका, रहनसहन, कृषि उद्योग र पशुपालन नै आकर्षणको केन्द्र बनाउन सकिने अपेक्षा छ । केवुलकार निर्माणपछि सञ्चालन हुनसके दक्षिण ललितपुरमा पर्यटन प्रर्बद्धनको लागि कोशेढुंगा सावित हुनेछ ।